प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## कोरोना संकट व्यवस्थापन केन्द्र (CCMC)

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७
चलानी नं.:- २०९६

मितिः २०७७/०१/२४

श्री सबै मन्त्रालय, प्रदेश नं. ५ ।
श्री नेपाली सेना, मध्यपश्चिम पृतना, बुटवल ।
श्री ५ नं. प्रदेश प्रहरी कार्यालय, दाङ्ग ।
श्री सशस्त्र बल ५ नं. बाहिनी, चन्द्रौटा, कपिलबस्तु ।
श्री राष्ट्रिय अनुसन्धान विभाग, बुटवल कार्यालय ।
श्री सबै जिल्ला प्रशासन कार्यालय, प्रदेश नं. ५ ।
श्री सबै जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्र, प्रदेश नं. ५ ।
श्री सबै उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका, प्रदेश नं. ५ ।

बिषयः निर्णय पठाईएको सम्बन्धमा ।

प्रस्तुत बिषयमा मा. मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/०१/२३ मा बसेको **"कोरोना संकट व्यवस्थापन समिति (CCMC)"** को बैठक बाट भएका निर्णयहरु पठाईएकोमा उक्त निर्णयमा केहि संशोधन भएकोले संशोधित निर्णय यसै पत्र साथ संलग्न गरि आवस्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रेम बहादुर गौतम)
अधिकृत सातौ

अवगतार्थः
मा. मुख्यमन्त्रीज्यू, प्रदेश नं. ५ ।
मा. मन्त्रीज्यू, आन्तरिक मामिला तथा कानून,
मा. मन्त्रीज्यू, भौतिक पूर्वाधर विकास,
मा. मन्त्रीज्यू, उद्योग, पर्यटन, वन तथा वातावरण,
मा. मन्त्रीज्यू, सामाजिक विकास,
मा. मन्त्रीज्यू, भूमी व्यवस्था, कृषि तथा सहकारी,
श्री सदस्यज्यूहरु, सबै (CCMC प्रदेश नं. ५) ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

**मिति २०७७/०१/२३ मा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको कोरोना संकट व्यवस्थापन समिति (CCMC) को चौथो बैठकका निर्णयहरुः**

१. कोरोना भाइरस ( COVID-19) को उपचारका लागि क्षमता विस्तार गर्नुपर्ने देखिएकोले बाँकेको नेपालगञ्जस्थित नेपाली सेनाको अस्पताल र नेपाल प्रहरीको अस्पताललाई समेत आवश्यकता अनुसार प्रयोग गर्ने ।

२. प्रदेशमा कोरोना भाइरसको खासगरी नेपालगञ्जमा बढी प्रभाव देखिएकोले परीक्षणको दायरा बढाउन आवश्यक किट, स्वास्थ्य सामग्री, पर्सनल सेक्युरिटी इक्वीपमेन्ट, औषधी उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयले आवश्यक संयोजन गर्ने ।

३. कोरोना भाइरसका संकास्पद विरामीहरुको PCR परीक्षणलाई जोड दिने ।कोभिडका संकास्पद विरामीहरुको हकमा आइसोलेसन बेड भएका अस्पतालमा राखी स्वाव संकलनको व्यवस्था मिलाउने । रिपोर्ट पोजेटिभ देखिएमा कोरोना बिशेष अस्पतालमा पुऱ्याउने ।

४. कोरोना विशेष अस्पतालका लागि आवश्यक सबै खर्च कोरोना भाइरस(कोभिड -१९) रोकथाम तथा उपचार कोषबाट नियमानुसार खर्च गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने ।

५. नेपाल भारत सीमा क्षेत्रको सुरक्षासम्वन्धी जनशक्ति, आवश्यक सामग्री र आवास लगायतको समस्याका सम्वन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले गृह मन्त्रालयसँग आवश्यक समन्वय गरी कार्ययोजना तयार गर्ने । प्राथमिक उपचारका लागि आवश्यक औषधी र स्वास्थ्यजन्य उपकरण सामाजिक विकास मन्त्रालयले उपलब्ध गराउने ।

६. स्थानीय श्रमिक प्रयोग गरी संचालन गर्न सकिने निर्माण र उत्पादनसँग सम्वन्धित कार्यहरु संचालनका लागि प्रमुख जिल्ला अधिकारीहरुले सहजीकरण गर्ने । अदक्ष र अर्धदक्ष कामदारका हकमा सम्वन्धित पालिका भित्रकै श्रमिकहरुलाई उपयोग गर्ने र दक्ष कामदारका हकमा प्रदेश भित्रबाट उपलब्ध गराउन सकिने। यसका लागि पालिकाको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले अनुमति दिने ब्यबस्था मिलाउने।

७. विकास निर्माणसँग सम्वन्धित निर्माण सामग्रीहरुको ढुवानी व्यवस्थाका लागि प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्ने ।

८. कृषकहरुका लागि आवश्यक बिउ आयात गर्नका लागि सम्वन्धित पालिकाहरुको सिफारिसमा सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले सहजीकरण गरी सहजै उपलब्ध हुने व्यवस्था मिलाउने ।

९. विद्यालय संचालनका हकमा नेपाल सरकारबाट भएको निर्णयको कार्यान्वयन गर्ने । विद्यालयहरुले संचालन गरेको परीक्षाको नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

१०. प्रदेशमा कोरोना भाइरसको संक्रमणको अबस्था हेरी क्षमता बिस्तारका साथै थप आइसोलेसन अस्पतालहरुको योजना सामाजिक विकास मन्त्रालयले तयार गर्ने ।

११. भारतबाट आउनसक्ने नेपालीलाई लक्षित गरी यस पूर्ब निर्णय भएका बाँके र रुपन्देहीका साथै कपिलवस्तु जिल्लामा समेत थप तीन हजार क्वारेन्टाइन बेडको व्यवस्था पालिका तहमा गर्ने, यसका लागि प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने ।

१२. क्वारेन्टाइनको ब्यबस्थापनका लागि भएको खर्चको बिबरण तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट शोधभर्ना माग गर्ने।